# डुङ्गा दर्ता, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१

मिति २०८१/०७/२५ गते गाउँ कार्यपालिका बैठकले स्वीकृत गरे बमोजिम ठिक भएको हुंदा प्रमाणीकरणको लागि प्रमुख समक्ष पेश गर्दछु ।

नाम : गणेश वि.क.

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति २०८१/०७/२५

प्रमाणीकरण गर्ने :

नाम : जनक कुमार बाँठामगर

पद : अध्यक्ष

दस्तखत :

प्रमाणीकरण मिति २०८१/०७/२५

बाँफिकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

डुङ्गा दर्ता, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१



Scanned with CamScanner

प्रस्तावनाः कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय स्थलको रूपमा रहेको स्यार्पुताल बाँफिकोट गाउँपालिकाको वडा नम्बर ३ र ५ मा २.६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको समुन्द्र सहतह देखी १३७२ मीटरको उचाईकमा अवस्थीत रहेको छ । स्यार्पुताल धार्मिक, पर्यटकीय एवं ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण ताल हो । सुन्दर मनोमहक अनुपम दृष्यावलोकन गर्न चाहने पर्यटकहरुको लागि महत्वपुर्ण गन्तव्य हो । पर्यटकहरु तालको अवलोकन तथा ताल वरीपरी रहेका सुन्दर वस्ती स्यार्पु र दह गाउँ, बूढालमस्ट, माथिगरे ब्राह, दारेमष्ट, शिवालय, कालिका र ब्रहा मन्दिर, तालको उत्तरमा रहेको सिमैछरी झरना, बौलाह छरी, झार्लेवोटको जंगल स्यार्पुतालवाट बगेको खोला पर्यटकहरुलाई आकर्षण गर्ने महत्वपूर्ण स्थानहरु हरेका छन । स्यार्पुताल पुग्ने पर्यटकहरुलाई डुङ्गा मार्फत सुरक्षीत रुपमा बोटिङ गरायएर पर्यटकहरुको मनोकांक्ष पुरा गराउनको लागि तालमा संचालन गरिने डुङ्गाहरुको प्रभावकारी व्यवस्थापन गरी संचालन गर्न वान्छनीय भएकोले,

बाँफिकोट गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी डुङ्गा दर्ता, व्यवस्थाप तथा संचालन कार्यविधि, २०८१ तयार गरी गाउँ कार्यपालिकाको मिति २०८१/०७/२५गतेको बैठकवाट यो कार्यविधि स्वीकृती गरी लागु गरेको छ ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "डुङ्गा दर्ता, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि बाँफिकोट गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले बाँफिकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले "बाँफिकोट गाउँपालिका क्षेत्रभित्र डुङ्गा दर्ता, व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१" सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले बाँफिकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ ।



Scanned with CamScanner

(घ) "अध्यक्ष" भन्नाले बाँफिकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले बाँफिकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बाँफिकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ ।

(ज) "ताल" भन्नाले बाफिकोट गाउँपालिकाको वडा नम्बर ३ र ५ मा मा रहेको स्यार्पु तालला‌ई जनाउनेछ ।

(झ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरुक्षाकर्मी, डुङ्गामा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्वन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने विमा सम्झनु पर्नेछ ।

(ञ) "यात्रु" भन्नाले डुङ्गामा चढी तालको क्षेत्रमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्नेछ ।

(ट) "चालक" भन्नाले डुङ्गा चलाउने व्यक्ति सम्झनु पर्नेछ ।

(ट) "डुङ्गा" भन्नाले पानी माथि यात्रा गर्नको लागी काठ खीपेर वा काठको फल्याकहरु गाँसेर पाल वा वहान खियार वा इन्जिन द्वारा चालाउन सकिने साधनलाई सम्झनु पर्नेछ ।

(ठ) "भाडा" भन्नाले डुङ्गा प्रयोग गरे वापत लिने रकम सम्झनु पर्नेछ ।

(ड) "डुङ्गा धनी" भन्नाले प्रचलीत कानून बमोजिम कुनै पनि व्यक्ति वा संस्थाको नाममा डुङ्गा दर्ता गरेको व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ण) " भाडा दर" भन्नाले गाउँपालिकाले डुङ्गामा यात्रा गर्नको लागि तोकेको भाडा दर सम्झनु पर्दछ ।

## परिच्छेद – २

## डुङ्गाको वर्गीकरण, डुङ्गा संचालनको लागि दर्ता तथा अनुमति प्राप्त गर्ने प्रक्रिया

३. <u>काठको डुङ्गा</u>ः काठको टुका वा फल्याकहरुलाई जोडेर मानिस बसेर आवत जावत तथा अन्य भौतिक सामाग्रीहरु ओसार पसार गराउने गरी बनाई संचालन गरिन्छ । जसलाई गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ ।



Scanned with CamScanner

**३क बोट पेडल**ः फलाम र आल्मुनियमबाट बनेको मानिस बसेर आवतजावत तथा अन्य भौतिक सामाग्रीहरु ओसारपसार गराउने गरि बनाइ सन्चालन गरिन्छ । जसलाइ गाँउपालिकामा दर्ता गरेर मात्र सन्चालन गर्नुपर्ने छ ।

४. **रवरको डुङ्गाः** रवरको डुङ्गा एक हल्का तौल भएको लचिलो टयुबले बनेको डुङ्गा हो । धनु आकारको टयुव भित्र हावा भरेर संचालन गरिन्छ । जसलाई गाउँपालिकावाट संचालन अनुमति प्राप्त गरेर संचालन गर्नु पर्नेछ ।

५. **विद्युतीय डुङ्गाः** विद्युतीय डुङ्गा भनेको विद्युतीय मोटरहरूद्वारा सञ्चालन गरि जलयात्रा गरिने डुङ्गा हो, जुन अन-वोर्ड ब्याट्री प्याकहरू, सौर्य प्यानलहरू वा जेनेरेटरहरूद्वारा संचालित हुन्छ। जसलाई गाउँपालिकामा सुचिकृत गरेर संचालन गर्नु पर्नेछ ।

६. **दर्ता तथा अनुमति विना संचालन गर्न नपाइनेः** (१) गाउँपालिका क्षेत्रमा रहेका जलक्षेत्रमा यो कार्यविधि बमोजिम दर्ता तथा अनुमतिपत्र नलिई डुङ्गा सन्चालन गर्न पाइने छैन ।

७. **डुङ्गा संचालनको लागि दर्ता तथा अनुमति प्राप्त गर्ने प्रक्रियाः** (१) गाउँपालिकामा डुङ्गा संचालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले अनुसूची- १ बमोजिमको ढांचामा दर्ताको लागि र अनुसूची- २ बमोजिमको ढाँचामा संचालन अनुमितको लागि गाउँपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) गाँपालिका क्षेत्रभित्रमा डुङ्गा मार्फत यातायात सेवा प्रदान गर्नका लागि व्यक्ति, फर्म वा कम्पनीलाई एक वटा मात्र डुङ्गा संचालनको लागि अनुमति दिइनेछ ।

(३) निवेदन प्राप्त भए पश्चात आवश्यक कारवाहीको लागि सम्वन्धीत शाखामा जाँचबुझका लागि पठाइनेछ ।

(४) डुङ्गा दर्ता तथा संचालन अनुमति प्रदान गर्न कार्यविधि बमोजिम उपयुक्त देखिएमा कार्यविधिमा तोकिएको दस्तुर लिई डुङ्गा संचालन तथा व्यवस्थापन समितिको निर्णय वमोजिम डुङ्गा दर्ता तथा संचालन अनुमति प्रदान गरी अनूसूची – ३ बमोजिमको ढाँचामा प्रमाण–पत्र प्रदान गर्नुपर्ने छ ।

(५) डुङ्गा दर्ता तथा संचालन अनुमति प्राप्त डुङ्गाहरुको विवरण अनुसूची (४) वमोजिमको ढाँचामा अभिलेखीकरण गरिने छ ।

८. **डुङ्गा दर्ता तथा संचालन अनुमति प्रदान गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु पेश गर्नुपर्नेः**

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

(क) निवेदन ।

(ख) व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र ।

(घ) आयकर दर्ताको कागजात करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

(ङ) रवर तथा विद्युतीय डुङ्गाहो हकमा दर्ता प्रमाण (विल बुक)

(च) सवारी साधन चालकको नियुक्ति (लाइसेन्स)परम्परागत डुंगाको हकमा गाँउपालिकाबाट जारी गरिएको प्रमाणपत्र

(छ) तेस्रो पक्ष विमा र यात्रु बीमा गरेको कागजात ।

९. <u>दर्ता तथा संचालन अनुमतिको खारेजीः</u> डुङ्गा दर्ता तथा संचालन अनुमति लिएका व्यक्ति, फर्म वा कम्पनीले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलीत अन्य यातायात व्यवस्था सम्वन्धी कानून उलंघन गरेमा समितिको निर्णय बमोजिम खारेज गर्न निर्णय भई आएका डुङ्गा प्रमुख प्रशासकीय अधिकृतले खारेज गर्न सक्नेछ । खारेज भएका दर्ता प्रमाणपत्र तथा संचालन अनुमतिको अभिलेख अद्यावधिक गर्न लगाउनेछ । त्यसरी खारेज गर्नु अघि सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई सफाइको मौका दिइने छ ।

## परिच्छेद – ३

## डुङ्गा व्वस्थापन तथा संचालन समिति गठन तथा काम, कर्तव्य र अधिकार

१०. <u>डुङ्गा व्वस्थापन तथा संचालन समितिः</u> (१) गाउँपालिकाभित्र डुङ्गा व्वस्थापन तथा संचालन गर्न देहाय वमोजिमको समिति रहनेछः

(क) गाउँ कार्यपालिका अध्यक्ष - संयोजक

(ख) गाउँ कार्यपालिका उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) गाउँसभाका सदस्य मध्येवाट अध्यक्षले मनोनीत गरेका १ जना महिला

चौरजहारी/सानीभेरी... 



Scanned with CamScanner

सहित २ जान - सदस्य

(छ) डुङ्गा व्यवसायीहरू मध्ये अध्यक्षले मनोनित गरेको व्यवसायी मध्येवाट १ जना प्रतिनिधि - सदस्य

(झ) पूर्वाधार शाखा संयोजक -सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा स्थानीय संघिय सरकार तथा प्रादेशिक कार्यालयका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ । समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ ।

११. <u>डुङ्गा व्वस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार:</u>

(क) गाउँपालिकाको जलक्षेत्र भित्र डुङ्गा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने ।

(ख) डुङ्गा को पार्किङ्ग स्थल तोक्ने ।

(ग) डुङ्गाको स्थान र समय अनुसार भाडा दर निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(घ) दर्ता भएका डुङ्गाको सूचि तयार गर्ने ।

(ङ) यात्रुको चापको मुल्यांकन गरी नयाँ डुङ्गा संचालनका लागि दर्ता तथा संचालन अनुमति दिन सक्नेछ ।

(च) डुङ्गा संचालक एवं यात्रुहरू बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(छ) डुङ्गा संचालकहरुलाई डुङ्गामा जलयात्रा गर्ने यात्रुको सुरक्षाको लागि आवश्यक पर्ने सुरक्षा साधनको बन्दो वस्तीका साधनहरुको व्यवस्थापन गर्न लगाउने ।

(ज) डुङ्गा संचालकले प्रदान गरेको जलयात्रा सेवा प्रभावकारी रुपमा संचालन भए नभएको अनुगन गर्ने ।

(झ) पटक पटक कार्यविधि उल्लघन गरी डुङ्गा चलाउने डुङ्गा संचालकको दर्ता खारेज गर्ने

(ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

चौरिकोट गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

## परिच्छेद – ४

## डुङ्गा संचालक तथा चालकले पालन गर्नु पर्ने शर्तहरु

१२. डुङ्गा धनीले पालना गर्नु पर्ने शर्तहरुः (१) डुङ्गा धनीले दर्ता तथा अनुमति प्राप्त गर्नु अघि र दर्ता तथा अनुमति प्राप्त गरी सकेपछि निम्न बमोजिम काम र कर्तव्य पुरा गर्नु पर्नेछ ।

(क) निवेदन साथ तोकिएका आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ ।

(ख) तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देखे गरी डुङ्गामा राख्नु पर्नेछ

(ग) यात्रुहरुससंग सरल र नम्र व्यवहार गर्न लगाउनु पर्नेछ ।

(घ) गाउँपालिकावाट तोकिएको दर्ता, अनुमति तथा नविकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।

(ङ) डुङ्गा चालक, यात्रु तथा तेस्रो पक्ष बिमा गराउनु पर्ने छ ।

(च) दर्तामा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्ने छ ।

(छ) सवारी साधनवाट उत्पादन भएको फोहर वस्तुहरु सार्वजनिक स्थानमा फाल्न पाइनेछैन

(ज) गाउँपालिकाले उपालव्ध गराएको इजाजपत्र नं. आफनो सावारी साधन डुङ्गामा टाँस गरी संचालन गर्नु पर्नेछ ।

१३. चालकले पालना गर्नु पर्ने नियमहरूः (१) प्रत्येक डुङ्गा चालकले निम्नानुसारको शर्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब साथमा लिई मात्र डुङ्गा चलाउनुपर्ने ।

(ख) वीमा, नवीकरण गरेको प्रमाण पत्र साथमा राखी डुङ्गा चलाउनुपर्ने

(ग) डुङ्गाको अवस्था ठिक भए नभएको चेकजाँच गरेर मात्र चलाउनुपर्ने ।

(घ) तोकिएको भार, क्षमता र गतिमा मात्र डुङ्गा चलाउनुपर्ने ।

(ङ) डुङ्गा चलाउदा तत्कालको हावा, पानी र मौसमलाई ख्याल गर्ने

(च) मादक पदार्थ तथा लागु औषध सेवन गरी डुङ्गा चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन ।

(छ) डुङ्गा चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन ।

चौरजहारी? गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

(ज) सामाजिक सद्भावका साथै यात्रुमैत्री व्यवहार गर्नुपर्ने । अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनुपर्ने ।

(झ) तालमा जथाभावी डुङ्गा रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन

(ञ) रातिको समयमा डुङ्गा चलाउन पाइने छैन ।

(ट) यात्रुहरुले जलयात्राका बखत जथाभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ठ) डुङ्गा दुर्घटनामा परेको खण्डमा नजीकको प्रहरी कार्यालय, गाउँ कार्यपालिका कार्यालय तथा अन्य सरोकारवाला निकायहरुमा जानकारी दिनुपर्नेछ ।

१४. <u>यात्रु सुरक्षाः</u> (१) यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछः

(क) डुङ्गा पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

(ख) यात्रु संख्याको आधारमा लाइभ जाकेट अनिवार्य रुपमा राखी यात्रुहरुलाई लगाउन लगाएर मात्र जलयात्रा गराउनु पर्नेछ ।

(ग) प्राथमिक उपचारका किट राखेको हुनुपर्ने ।

## परिच्छेद – ६

## दर्ता, नविकरण तथा दण्ड जरीवान दस्तुर

१५. <u>दर्ता तथा नविकरण दस्तुरः</u> (१) वार्षिक डुङ्गा दर्ता तथा अनुमति दस्तुर प्रति सवारी देहाय बमोजिम हुनेछ ।

- प्रति काठको डुङ्गा दर्ता दस्तुर -५,०००।-
- प्रति रवरको डुङ्गा संचालन अनुमति दस्तुर -१०,०००।-
- प्रति बोट पेडल डुङ्गा संचालन अनुमति दस्तुर -१८,०००।-
- प्रति इलट्रिक डुङ्गा सुचिकृत दस्तुर- ५०,०००।-

(२) दर्ता तथा संचालन अनुमति प्राप्त डुङ्गाको प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ । नवीकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

चौरजहारी... बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

(३) डुङ्गा दर्ता तथा संचालन अनुमतिको अवधि एक वर्षको हुनेछ । चालु आर्थिक वर्षको जुनसुकै मितिमा दर्ता तथा संचालन अनुमति लिएका डुङ्गाको नविकरण गर्ने अवधि चालु आर्थिक वर्षको असाढ मसान्तसम्म हुनेछ । म्याद समाप्त भएको मितिले १५ दिनसम्म दर्ता तथा संचालन अनुमतिको नवीकरण गराइसक्नु पर्नेछ र १५ दिनदेखी थप ३० दिनसम्म अर्थात् शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । सो अवधि पनि नविकरण नगराएका डुङ्गा दर्ता तथा संचालन अनुमित खारेजी प्रक्रियामा जाने छ ।

(४) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्ने ।

(५) दर्ता तथा संचालन अनुमति नवीकरण गर्दा बीमा अवधिले नभ्याउने भएमा जुन मितिमा विमा अवधि समाप्त हुन्छ सोही मिति सम्मका लागि नविकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधिको लागि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।

(६) तोकिएको क्षेत्र वाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइनेछैन ।

१६. <u>जरिवाना सम्बन्धी व्यवस्थाः</u>

(क) यस कार्यविधि बमोजिम दर्ता तथा संचालन अनुमति नलिई डुङ्गा संचालन गरेमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००। दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,०००। र चौथो पटकमा सोही कार्य गरेमा दर्ता तथा संचालन अनुमति खारेजी गरिनेछ ।

(ख) कार्यपालिकावाट निर्धारण भएको भाडा दर भन्दा वढी भाडा लिएको प्रमाणीत भएमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००। दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,००० र चौथो पटकमा सोही कार्य गरेमा दर्ता तथा संचालन अनुमति खारेजी गरिनेछ ।

(ग) सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा नगराई सवारी साधन चलाएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रथम पटक रु.५०००। दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,००० र चौथो पटकमा सोही कार्य गरेमा दर्ता तथा संचालन अनुमति खारेजी गरिनेछ ।

चौरजहारी? गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

(घ निर्धारित गतिभन्दा बढी गतिमा चलाएमा, मादक पदार्थ सेवन, निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएको, जथाभावी फोहरमैला फालेको खण्डमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रथम पटक रु.५०००। दोस्रो पटक रु.७००० तेस्रो पटक रु १०,००० र चौथो पटकमा सोही कार्य गरेमा दर्ता तथा संचालन अनुमति खारेजी गरिनेछ ।

(ङ) कसुर गर्ने व्यक्ति, कम्पनी वा संस्थालाई कानूनी कार्वाही गर्नुपूर्व आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्ने अवसर दिइने छ ।

(च) प्रमुख प्रशासकीय अधिकृतबाट भएको जरिवाना तथा कारवाही उपर चित्त नबुझेमा गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

## परिच्छेद – ७

## विविध

१७. **भाडादरः** गाउँपालिकाभित्र सञ्चालन हुने डुङ्गाको भाडा दर डुङ्गा व्यवस्थापन तथा संचालन समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **अनुगमनः** गाउँपालिका तथा अन्य सरोकारवाला निकायहरुले उल्लेखित कार्यविधि बमोजिम डुङ्गा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

१९. **संशोधन वा हेरफेरः** गाउँ कार्यपालिकाले समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२०. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची – १

(डुङ्गा दर्ता तथा अनुमतिको लागि निवेदनको ढाँचा)

चौकिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३



Scanned with CamScanner

मितिः ............

श्रीमान अध्यक्ष प्रशासकीय अधिकृत ज्यू
बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम ।

विषयः डुङ्गा दर्ता गरी पाउँ ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा डुङ्गा दर्ता गरी संचालन गर्न अनुमति पाउँ भनी यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल

(१) डुङ्गाको किसिमः

(२) बनेको सालः

(३) यात्रु सिट संख्याः

(४) सवारी धनीको नाम थरः

ठेगानाः

(५) नेपाली नागरिकताको प्रमाणपत्रः

प्रचलीत ऐन कानूनमा व्यवस्था भएका र यस कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी डुङ्गा व्यवसाय संचालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे ऐन कानुन बमोजिम सहुँला बुझाउला ।

निवेदकको नामः

दस्तखतः

अनुसूची– २

(डुङ्गा दर्ता तथा अनुमतिको लागि निवेदनको ढाँचा)



बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मितिः ............

श्रीमान अध्यक्ष प्रशासकीय अधिकृत ज्यू
बाँफिकोट गाउँपालिका रुकुम पश्चिम

विषयः डुङ्गा संचालन अनुमति पाउँ ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा ........ कार्यालयमा दर्ता रहेको डुङ्गा संचालन गर्नको लागि अनुमति पाउँ भनी यो निवेदेन पेश गरेको छु/छौं ।

तपसिल

(१) डुङ्गाको किसिमः

(२) डुङ्गा दर्ता नं. र दिने कार्यालयः

(३) इन्जिन नं.

(४) मोडेलः

(५) बनेको साल

(६) यात्रु सिट संख्याः

(७) डुङ्गा धनीको नामः

ठेगानाः

(८) कम्पनी भए दर्ता विवरणः

- संलग्न कागजात
- डुङ्गा दर्ता प्रमाणपत्र
- नेपाली नागरिकताको प्रमाणपत्र
- कम्पनी भए दर्ता प्रमाणपत्रः

प्रचलीत ऐन कानूनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी डुङ्गा व्यवसाय संचालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे ऐन कानुन बमोजिम सहुँला बुझाउला ।

निवेदकको नामः

दस्तखतः

अनुसूची – ३

(डुङ्गा दर्ता/संचालन अनुमतिको ढाँचा)



Scanned with CamScanner

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम पश्चिम

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## डुङ्गा दर्ता/संचालन अनुमतिको प्रमाण-पत्र ढाँचा

दर्ता /संचालन अनुमितिको मितिः–

श्री ..................................
..................................

तपाइको नाममा दर्ता भएको देहायको विवरण भएको डुङ्गा दर्ता / आ.व. ............ को लागि डुङ्गा संचालन अनुमिति दिइएको छ । प्रचलीत ऐन कानूनको अधिनमा रही डुङ्गा संचालन गर्नुहुन समेत जानकारी गरिन्छ ।

तपसिल

(१) डुङ्गाको किसिमः
(२) डुङ्गा दर्ता नं. र दिने कार्यालयः
(३) इन्जिन नं.
(४) मोडेलः
(५) बनेको सालः
(६) यात्रु सिट संख्याः

हस्ताक्षरः–
नामः–
पदः– प्रमुख प्रशासकीय अधिकृत
कार्यालयः–

**नवीकरण**

| नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ४

## डुङ्गा दर्ता तथा संचालन अनुमति विवरणको ढांचा



Scanned with CamScanner

| दर्ता तथा संचालन अनुमति नं. | दर्ता तथा संचालन अनुमति लिएको मिति | डुङ्गाको प्रकृति | डुङ्गा संचालनको उद्धेश्य | डुङ्गा धनीको नाम र ठेगाना | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३



Scanned with CamScanner